धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक	जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६९/७०

# प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्नु परेमा
पत्रिका नियमित नआएमा
ठेगाना परिवर्तन भएमा वा अन्य कुनै
गुनासो भएमा कल गर्नु पर्दैन।
९८५११२०८५०
भाईवरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २३, अङ्क ८७ ◆ २०८३ असोज २७ मंगलबार ◆ Tuesday, October 13, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४ ◆ मूल्य रु. ५/-

## आश्विन शुक्ल द्वितीयाः विधिपूर्वक ब्रह्मचारिणी देवीको पूजा आराधना गरियो

❑ *प्रत्यूष समाचारदाता*

काठमाडौं। नवरात्रको दोस्रो दिन दसैं घर वा पूजा कोठामा नौ दुर्गामध्येकी दोस्रो ब्रह्मचारिणी देवीको विधिपूर्वक पूजा आराधना गरिएको छ। नवरात्रको पहिलो दिन आइतबार दसैं घर वा पूजा कोठामा वैदिक विधिपूर्वक घटस्थापना गरी जौको जमरा राखिएको थियो।

सोहीदिन घटस्थापना गरिएको स्थानमा नौ दुर्गामध्येकी पहिलो देवी शैलपुत्रीको आह्वान गरी विधिपूर्वक पूजा आराधना गरिएको थियो। दोस्रो दिन सोमबार पूजा स्थलमा ब्रह्मचारिणी देवीलाई आह्वान गरी विधिपूर्वक पूजा आराधना गरिएको हो।

संसारका मुमुक्षु प्राणीलाई सच्चिदाननद रुप ब्रह्मको बोध गराउनका लागि निरन्तर लागिरहने मान्यतामा नवदुर्गा मध्येको दोस्रो देवीलाई ब्रह्मचारिणी भनिएको हो। ब्रह्मचारिणीको हातमा कमल, अक्षमाला र कमण्डलु बनाइनुपर्छ भन्ने शास्त्रीय ग्रन्थमा समेत उल्लेख गरिएको छ।

नवरात्रका नौ दिन घटस्थापना गरिएको स्थलमा दुर्गा सप्तशती (चण्डी), श्रीमद्देवी भागवतलगायत देवी स्तोत्र पाठसमेत गरिन्छ। नवरात्रका अवसरमा देवीको आराधना गरी पूजा गरेमा शक्ति, ऐश्वर्य र विद्या प्राप्त धार्मिक विश्वास रहिआएको छ। यसै आधारमा वैदिक सनातन धर्मावलम्बीले प्रत्येक वर्ष आश्विन शुक्ल प्रतिपदादेखि नवमीसम्म दुर्गा देवीको विशेष आराधना गर्छन्। नौ दिनसम्म पूजा आराधना गरेको प्रसाद विजया दशमीदेखि कोजाग्रत पूर्णिमाका दिनसम्म लगाइन्छ।

## विशेष प्रकृतिका विद्यालयलाई शिक्षा ऐनमा समेट्नुपर्नेमा जोड

❑ *प्रत्यूष समाचारदाता*

काठमाडौं। विशेष प्रकृतिका विद्यालयलाई शिक्षा ऐनमा समेट्दै स्वायत्त र प्रभावकारी रूपमा सञ्चालन गर्ने व्यवस्था गर्नुपर्नेमा सरोकार भएकाहरूले जोड दिएका छन्। शिक्षा तथा खेलकुद मन्त्रालयले शिक्षा ऐन तर्जुमाका लागि रायसुझाव सङ्कलन गर्ने क्रममा विशेष उद्देश्यले स्थापित विद्यालयका पदाधिकारी तथा सरोकार भएकासँग गरेको छलफलमा यस्तो सुझाव दिइएको हो।

सिंहदरबारस्थित मन्त्रालयमा शिक्षामन्त्रीका प्रमुख सल्लाहकार शैलेन्द्र झाको अध्यक्षतामा बसेको बैठकमा विशेष प्रकृतिका विद्यालयको सञ्चालन तथा व्यवस्थापन, नीतिगत र कानुनी व्यवस्था, आर्थिक व्यवस्थापन र पठनपाठनको गुणस्तरलगायत विषयमा छलफल भएको थियो। छलफलमा यस्ता विद्यालयलाई राष्ट्रिय विद्यालय शिक्षा प्रणालीको मूलधारमा समाहित गर्न आवश्यक कानुनी तथा नीतिगत व्यवस्था गर्नुपर्नेमा जोड दिइएको थियो। साथै, विद्यालय सञ्चालनमा तीनै तहका सरकारबीच समन्वय कायम गर्ने, प्रशासनिक प्रक्रियालाई जवाफदेही बनाउने र उपयुक्त सञ्चालन ढाँचा निर्धारण गर्ने विषयमा पनि छलफल भएको थियो। प्रमुख सल्लाहकार झाले विशेष प्रकृतिका विद्यालयको सञ्चालन तथा व्यवस्थापनलाई नीतिगत रूपमा सम्बोधन गर्न र भविष्यको सञ्चालन ढाँचा तय गर्न सम्बन्धित विद्यालयका पदाधिकारीसँग छलफल गरिएको बताउनुभयो। मन्त्रालयका सहसचिव शिवकुमार सापकोटाले



विशेष उद्देश्यले स्थापित विद्यालयलाई थप प्रभावकारी रूपमा सञ्चालन तथा व्यवस्थापन गर्न आवश्यकताअनुसार नीतिगत र संरचनागत सुधार गरिने समेत बताउनुभयो।

उक्त छलफलमा सैनिक विद्यालय, प्रहरी विद्यालय, एसओएस विद्यालय, निजामती विद्यालय, गण्डकी बोर्डिङ स्कुल, बुढानिलकन्ठ स्कुल र सहिद स्मृति विद्यालयका प्रतिनिधिको सहभागिता थियो। सहभागी विद्यालयका प्रतिनिधिहरूले द्वन्द्वपीडित बालबालिकाको शिक्षामा पहुँच सुनिश्चित गर्न स्थापना गरिएका विद्यालयमा विद्यार्थी सङ्ख्या वृद्धि गर्न नसकिएको, शिक्षक दरबन्दी अभाव रहेको र व्यवस्थापकीय कठिनाइ भोग्नु परेको गुनासो गरेका थिए।

उनीहरूले विशेष प्रकृतिका विद्यालयलाई शिक्षा ऐनमै सम्बोधन गर्नुपर्ने, स्वायत्त रूपमा सञ्चालन गर्न पाउने व्यवस्था गर्नुपर्ने र एउटै संरचनाभित्र गुणस्तरीय शिक्षा प्रदान गर्ने प्रणाली विकास गर्नुपर्नेमा जोड दिएका छन्।

## तीस लाख नेपालीलाई बाथ रोगको समस्या

काठमाडौं। झन्डै ३० लाख नेपालीलाई बाथ रोगको समस्या देखिएको छ। आरोग्य स्वास्थ्य सदन नेपाल बाथरोग उपचार केन्द्रका प्रमुख डा बुद्धि पौडेलले सो तथ्य प्रकाश पार्नुभएको हो।

नेपाल बाथरोगमैत्री समाज द्वारा सोमबार आयोजित विश्व बाथरोग दिवसका अवसरमा उहाँले बाथरोगले सबै उमेर समूहका मानिसलाई असर गर्ने जानकारी दिनुभयो। उहाँले उक्त रोगको समयमै उपचार नगरिए शरीरका जोर्नी बाङ्गिने, कुरूप हुने र स्थायी रूपमा कमजोर बन्ने जानकारी दिनुभयो।

पाटन अस्पतालका बाथरोग विशेषज्ञ डा केशव सिग्देलले जाडो मौसममा बाथका बिरामीको दुखाइ बढ्ने र पछिल्ला वर्षहरूमा यसका बिरामीहरू तीव्र रूपमा बढेको जानकारी दिनुभयो।

उहाँले बाथरोगलाई धेरैजसोले केवल 'युरिक एसिड' वा सामान्य जोर्नी दुख्ने समस्यालाई समयमा उपचार गर्न आग्रह गर्नुभयो। विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ)ले प्रत्येक वर्ष १२ अक्टोबरमा विविध कार्यक्रमका साथ यो दिवस विश्वभर मनाउँदै आएको छ। समाजले आरोग्य स्वास्थ्य सदन नेपाल बाथरोग उपचार केन्द्र जावलाखेलको प्राविधिक सहयोगमा विभिन्न समयमा निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गरिँदै आएको जनाइएको छ।

## कानुन संसोधन गरेर लगानीमैत्री वातावरण बनाउँछौँः मन्त्री गौतम

❑ *प्रत्यूष समाचारदाता*

चितवन। कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोविता गौतमले कानुन संसोधन गरेर लगानीमैत्री वातावरण बनाइने बताउनुभएको छ। चितवन उद्योग सङ्घको ३५औं वार्षिक साधारण सभालाई सोमबार सम्बोधन गर्दै अस्पष्ट कानुनका कारण प्रशासनिक झन्झट बेहोर्नुपरेकाले समयसापेक्ष संशोधन गरिने बताउनुभयो।

उद्योगी व्यवसायीहरुले कानुनी अस्पष्टताका कारण झन्झट बेहोर्नुपरेको बताउँदै मन्त्री गौतमले भन्नुभयो, "प्रशासनिक झन्झट त्यतिबेला आउँछ जतिबेला कानुनहरू अस्पष्ट हुन्छन्। अब अस्पट कानुनलाई स्पष्ट बनाएर विद्यमान समस्या समाधान गर्न लागिपरेका छौं।" देशमा कसरी लगानीमैत्री वातावरण बनाउने भन्ने सन्दर्भमा आफूहरूले निरन्तर प्रयासरत रहेको उहाँले प्रष्ट पार्नुभयो। त्यसका लागि आवश्यक पर्ने पूर्वतयारीहरू सरकारले गरिरहेको मन्त्री गौतमले बताउनुभयो। हालै मात्र लगानी मैत्री कानुनमा केके सुधार गर्नुपर्छ? भनेर बृहत् कार्यशाला गरि सकिएको उहाँले जानकारी दिनुभयो। लगानीमैत्री कानुन निर्माणका लागि नीति निर्माता, कर्मचारी तन्त्र, निजी क्षेत्र, राजनीतिक क्षेत्र सबै एकै ठाउँमा हुनुपर्नेमा उहाँले जोड दिनुभयो।

कानुन निर्माण गर्ने विषय रातारात नहुने भन्दै मन्त्री गौतमले भन्नुभयो, "अहिलेसम्म तपाईंहरूले भोग्नुभएको समस्या वर्षौंदेखि जेलिँदै आएका समस्या हुन्। सुधारमुखी कुराहरू देखिनका लागि कानुनको संसोधन गर्नुपर्यो। संसोधनको चरणमा बल्ल हामी पुगेका छौं।"

बिना तयारी कानुन संसोधन भयो भने त्यसको मूल्य नेपाली जनताले तिर्नुपर्ने भन्दै उहाँले थप्नुभयो, "थोरै ढिला भएर केही हुँदैन। दीर्घकालीन रूपमा समस्या समाधान हुने गरी पूर्वतयारी गरेर छलफल र संवाद गरिरहेका छौं।" 'फाष्टट्र्याक'बाट कानुन निर्माण गर्न पनि छदेखि आठ महिना लाग्ने भन्दै उहाँले अब कानुन निर्माणको चरणमा पुगेको बताउनुभयो। कार्यक्रममा बागमती प्रदेशका उद्योग, पर्यटन, श्रम तथा यातायातमन्त्री राजेन्द्र प्रजापतिले उद्योगी व्यवसायीको समस्या समाधान गर्न प्रदेश सरकार लागि परेको बताउनुभयो। सो अवसरमा नेपाल घरेलु तथा साना उद्योग महासङ्घका अध्यक्ष शोभा गुरुङले भोटेकोशी बाढीमा प्रभावित भएका उद्योग पुनः स्थापनाका लागि सरकारले सहयोग गर्नुपर्ने बताउनुभयो।

कार्यक्रममा राष्ट्रिय स्वतन्त्र पार्टी चितवनका सभापति मिनिमाधव खनाल, नेपाली कांग्रेस चितवनका सभापति राजेश्वर खनाल, नेपाल कम्युनिष्ट पार्टी (एमाले) चितवनका अध्यक्ष कमल पाठक, नेपाल उद्योग परिसङ्घका कार्यवहाक अध्यक्ष भिम घिमिरे, चितवन उद्योग सङ्घका गभर्निङ काउन्सिलिङ अध्यक्ष राजु पौडेल, उद्योग सङ्घ चितवनका अध्यक्ष मदन घिमिरेलगायतले आ-आफ्नो धारणा राख्नुभएको थियो।

## उपभोग्य वस्तुमा कृत्रिम अभाव र मूल्यवृद्धि नगर्न प्रशासनको आग्रह

ताप्लेजुङ। जिल्ला प्रशासन कार्यालय ताप्लेजुङले चाडपर्वलाई लक्षित गरी बजारमा दैनिक उपभोग्य वस्तुको कृत्रिम अभाव सिर्जना नगर्न, अस्वाभाविक मूल्यवृद्धि नगर्न र गुणस्तरहीन वस्तुको बिक्री वितरण नगर्न आग्रह गरेको छ।

विभिन्न बहानामा अत्या आवश्यक वस्तुको कृत्रिम अभाव सिर्जना गर्ने, अस्वाभाविक मूल्यवृद्धि गर्ने, अनावश्यक भण्डारण गरी कालोबजारी गर्ने तथा गुणस्तरहीन वस्तु बिक्रीवितरण गर्ने जनगुनासो बढेको जनाउँदै प्रशासनले त्यस्ता गतिविधि नगर्न सम्बन्धित व्यवसायीलाई सचेत गराएको हो। सोमबार सूचना जारी गर्दै प्रशासनले खाद्यान्न, दाल, नुन, तेल, चिनी, ग्यास, पेट्रोलियम पदार्थ तथा औषधिजस्ता अत्यावश्यक वस्तुको आपूर्ति व्यवस्था सहज, सुलभ र नियमित बनाउन सम्बन्धित सबै सरोकार भएका निकायलाई अनुरोध गरेको छ।

गुणस्तरहीन वस्तु बिक्री वितरण गर्नेजस्ता गुनासो प्राप्त भएकाले यस्ता गैरकानुनी कार्य नगर्न र नगराउन सचेत गराइएको प्रमुख जिल्ला अधिकारी उमेशकुमार दाहालले बताउनुभयो। उपभोक्तालाई सहज रूपमा आवश्यक वस्तु उपलब्ध गराउन तथा बजारमा अनुचित गतिविधि नियन्त्रण गर्न प्रशासनले सम्बन्धित सबै पक्षलाई जिम्मेवार बन्न आग्रह गरेको छ। प्रशासनको आग्रह विपरीत कार्य गरेको पाइएमा कानुनी कारबाही हुनेसमेत जनाइएको छ।

## उत्तरी गोरखाका पाँच हजार घरधुरी विद्युतविहीन

गोरखा। उत्तरी गोरखाका करिब पाँच हजार घरधुरी विद्युतविहीन बनेका छन्।

सिर्दिबास उहिया लघु जलविद्युत् आयोजना बूढी गण्डकी बाढीले क्षति पुर्‍याएका कारण उक्त क्षेत्रका जनता प्रभावित बनेका हुन्। आइतबार मध्यरातिदेखि आएको बाढीले जलविद्युत् आयोजना बगाएपछि चुमनुब्री गाउँपालिका वडा नं ३ र वडा नं ६ मा विद्युत् अवरुद्ध बनेको सिर्दिबास उहिया लघुजलविद्युत् आयोजनाका अध्यक्ष सुजन गुरुङले बताउनुभयो।

चुमनुब्रीको लोक्पा, दुङ्ला, न्याक, फिलिम, चिसापानी, आंगा, सर्स्युं, नाग्चेत, घट्टेखोला, पाङसिङ, जगत, सल्लेरी, पैयुँ, भालुवन, सिर्दिबास र जगत्मा विद्युत् अवरुद्ध भएको हो। जसका कारण ९७१ घरधुरी प्रभावित बनेको उहाँले जानकारी दिनुभयो।

"बाढीले विद्युत्को १२ पोल बगायो, एउटा टावर र तारहरु पनि कता पुर्‍यायो, पुर्‍यायो। पावर हाउस चाँही सुरक्षित छ", उहाँले भन्नुभयो। विद्युत् नहुँदा उत्तरी गोरखाको गाउँबस्ती समस्यामा परेको चुमनुब्रीको प्रमुख प्रशासकीय अधिकृत नारायण सापकोटाले बताउनुभयो।

विद्युत् र इन्टरनेट नहुँदा हाल पालिकाको प्रशासनिक काम ठप्प बनेको छ। निजी सङ्घसंस्था र स्थानीय नागरिक पनि मर्कामा परेका छन्। हाल उत्तरी गोरखाको बाढी प्रभावित क्षेत्रमा एक गाउँबाट अर्को गाउँसम्म पुग्न सक्ने अवस्थासमेत नरहेको चुमनुब्री गाउँपालिकाकी पूर्वउपाध्यक्ष कुमारी गुरुङ बताउनुहुन्छ। "फिलिमबाट न तल जाने ठाउँ छ, न त माथि जाने। बाढीले पुल, बाटो सबै बगायो", उहाँले भन्नुभयो, "झनै बिजुली पनि नहुँदा त यो ठाउँ अन्धकार बनेको छ। धन्न मानवीय क्षति भने भएको छैन।" उत्तरी गोरखाको अधिकांश गाउँबस्तीमा विजुली र इन्टरनेटको समस्या रहेको गुरुङको भनाइ छ। बाढीका कारण उत्तरी गोरखाको धार्चे गाउँपालिकावासीलाई झनै मर्का परेको छ।

हाल गाउँपालिकाको सात वटै वडाका करिब चारहजार घरधुरी विद्युत्विहीन बनेको पालिकाको प्रमुख प्रशासकिय अधिकृत बुद्धिराम बस्नेतले जानकारी दिनुभयो। विद्युत् प्राधिकरणको आरुघाटस्थित वितरण केन्द्रमा बाढीले क्षति पुर्‍याएपछि धार्चे गाउँपालिका अन्धकार बनेको समेत उहाँले सो क्रममा बताउनुभयो। "बाढीले यहाँको बिजुली, सञ्चार, बाटो-घाटो, पुल सबै बगायो", उहाँले भन्नुभयो। जिल्लाको आरुघाट गाउँपालिकाका ५० घरधुरी समते विद्युत्विहीन बनेका छन्। पालिकाका अध्यक्ष राजु गुरुङले आरुघाटको वडा नं ५ शान्ति बजार क्षेत्रका ५० घरधुरीमा विद्युत् सेवा अवरुद्ध बनेको छ। वाढीका कारण विद्युतविहिन हुन पुगेका त्यहाँका नागरिकहरु अध्यारोमा बस्न बाध्य भएको बताएका छन्।

## सम्पादकीय ....

### विजयादशमी र नवरात्र

विजयादशमी, तिहार, नेपाल संवत् र छठको नयाँ वर्षतर्फ अगाडि बढिरहेको यो ऋतु-यात्राले घरमा सुख, मनमा शान्ति, सम्बन्धमा आत्मीयता र समाजमा सद्भाव ल्याओस् हार्दिक शुभकामना ! तर शुभकामनासँगै एउटा आग्रह पनि रहोस्ः यसपालि देवीलाई केवल बोलाएर नबसौँ, केही समय आफ्नै ऐनामा पनि हेरौँ । किनकि नवरात्रको अन्तिम दिन क्यालेन्डरमा १० औँ दिन होला; जीवनमा त्यसको अर्थ तब मात्र पूरा हुन्छ, जब उत्सव सकिएपछि पनि हामीभित्र केही असल कुरा बाँकी रहन्छ ।

नवरात्रको सबैभन्दा असहज प्रश्न यही हो-देवीको पूजा गर्न हामीलाई नौ रात चाहिन्छ तर आफ्नै स्वभाव बदल्न कति रात चाहिन्छ ? महिषासुरलाई मार्ने कथा हामी श्रद्धापूर्वक सुन्छौँ तर आफ्नै भित्रको महिषासुरलाई चिन्न चाहिँ किन यति हिच्किचाउँछौँ ? शक्ति खोज्न देवीतिर फर्किन्छौँ तर शक्ति हातमा आएपछि विनम्रता किन हराउँछ ? कन्याको पाउमा देवी देख्छौँ तर त्यही बालिकाको अधिकार, सुरक्षा र सम्मानका प्रश्नमा समाज किन मौन हुन्छ ? सायद यहीँ नवरात्रको वास्तविक परीक्षा सुरु हुन्छ-मन्दिरमा होइन, व्यवहारमा; आरतीमा होइन, आचरणमा ।

नवरात्र एउटै रूप र एउटै समयको पर्व मात्र होइन । भारतीय धार्मिक-सांस्कृतिक परम्परामा चैत्र नवरात्र, आषाढ गुप्त नवरात्र, माघ गुप्त नवरात्र र शारदीय नवरात्र उल्लेख पाइन्छ; नाम, अनुष्ठान र महत्वमा क्षेत्र तथा परम्परा अनुसार भिन्नता पनि छ ।

नेपालमा भने शारदीय नवरात्र विजयादशमी अर्थात् दसैंको सांस्कृतिक जीवनसँग विशेष रूपमा गाँसिएको छ । यसमा देवी आराधना मात्र छैन-घटस्थापना, जमरा, व्रत, पूजा, पारिवारिक भेटघाट, सामुदायिक उत्सव र पुस्तौंदेखि हस्तान्तरण हुँदै आएको सांस्कृतिक स्मृति पनि छ । इतिहासमा कतै यो राजकीय अनुष्ठानका रूपमा देखिन्छ, कतै घरेलु पूजाका रूपमा, कतै सार्वजनिक उत्सवका रूपमा; यही विविधताले नवरात्रलाई कुनै एकरूपी धार्मिक ढाँचाभन्दा ठुलो बनाउँछ ।

नवरात्रको सबैभन्दा प्रभावशाली आख्यानमध्ये महिषासुर वध हो । महिषासुर केवल एउटा पौराणिक पात्र होइन; सांस्कृतिक अर्थमा ऊ अव्यवस्था, अहङ्कार र अनियन्त्रित शक्तिको प्रतीकका रूपमा पढिन सक्छ ।

देवीको विजयलाई त्यसैले बाह्य दुष्टमाथिको विजयसँगै भित्रको असन्तुलनमाथिको सङ्घर्षका रूपमा पनि बुझ्न सकिन्छ । महिषासुरको कथा सुन्न सजिलो होला, आफैंभित्रको महिषासुर चिन्न अलि कठिन । क्रोध, लोभ, अहङ्कार, हिंसा, पूर्वाग्रह र अरूमाथि प्रभुत्व जमाउने चाहना कतै हाम्रो आफ्नै व्यवहारमा त छैन ?

धार्मिक सूचीका रूपमा होइन, साधना, शक्ति, धैर्य, मातृत्व, साहस, अन्धकारको सामना, शुद्धता र सिद्धितर्फको साङ्केतिक यात्राका रूपमा पनि पढ्न सकिन्छ । पछि विकसित धार्मिक व्याख्यामा दुर्गा, लक्ष्मी र सरस्वतीलाई शक्ति, समृद्धि तथा पोषण, र ज्ञान-आत्मबोधका आयामसँग जोडेर हेर्ने चलन पनि बनेको छ ।


### पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका "**प्रत्यूष राष्ट्रिय दैनिक** तपाईंलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं । तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ । तपाईंहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं ।

प्रत्यूष National Daily राष्ट्रिय दैनिक

**नीलकण्ठ -३, धादिङबेसी,**
**फोन ०१०-५२१४३०,९८५११२०८५०**
Email : pratyushdainik@gmail.com


# काभ्रेमा कफीको व्यावसायिक विस्तार, बढ्दै आर्थिक सम्भावना

सनम सुवाल

मुलुकको मध्यपहाडी क्षेत्रका पाखापखेरा कफी खेतीका निम्ति उपयुक्त मानिएका छन् । विशेषगरी अरेबिका जातको कफी उत्पादनका लागि उपयुक्त हावा-पानी र माटो भएका पहाडी जिल्लामा यसको व्यावसायिक खेती विस्तार हुँदै गएको पाइएको छ । कफी खेतीले ग्रामीण अर्थतन्त्रलाई चलायमान बनाउनुका साथै किसानको आम्दानी, रोजगारी र निर्यातमार्फत विदेशी मुद्रा आर्जनको सम्भावना बढाएको छ ।

उत्पादनका हिसाबले काभ्रेपलाञ्चोक मुलुककै अग्रणी जिल्लाका रूपमा स्थापित भएको छ ।

राष्ट्रिय चिया तथा कफी विकास बोर्डका अनुसार मुलुकमा पाँच हजार ५०१.०५ हेक्टर क्षेत्रफलमा कफी खेती हुँदै आएको छ भने प्रशोधनपछिको ग्रीन बिन कफी उत्पादन ६४१.९० मेट्रिक टन पुगेको छ । देशका ४३ भन्दा बढी पहाडी जिल्लामा कफी खेती विस्तार भएको छ ।

काभ्रेपलाञ्चोकमा ४९७ हेक्टर क्षेत्रफलमा कफी खेती हुँदै आएको छ भने ग्रिन बिन कफी उत्पादन १२१ मेट्रिक टन पुगेको छ । क्षेत्रफल र ग्रिन बिन उत्पादनका आधारमा काभ्रे देशकै अग्रणी जिल्ला हो । गाउँपालिकाका अनुसार यहाँ वार्षिक २१९.८३ मेट्रिक टन कफी चेरी उत्पादन हुन्छ । यो प्रशोधनअघिको काँचो कफी हो । गाउँपालिकाले कफीलाई स्थानीय अर्थतन्त्रको महत्वपूर्ण आधारका रूपमा विकास गर्दै किसानलाई उत्पादनमा जोड्न विभिन्न प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिरहेको छ ।

महाभारत गाउँपालिकाका अध्यक्ष कान्छालाल जिम्बाका अनुसार आर्थिक वर्ष २०७७/७८ देखि हालसम्म पाँच लाख ६६ हजार ५०० भन्दा बढी सुधारिएको कफीका बिरुवा किसानलाई वितरण गरिएको छ । कफी खेती विस्तारसँगै उत्पादन बढाउन, किसानलाई व्यावसायिक बनाउन र स्थानीय स्तरमै बजारीकरणको वातावरण तयार गर्न गाउँपालिकाले निरन्तर काम गरिरहेको उहाँ बताउनुहुन्छ । गाउँपालिकाले 'जसले रोप्छ कफीको बोट, उसले पाउँछ बीसको नोट' भन्ने अभियान सञ्चालन गरेको छ । सहकारीमार्फत जीवित कफीका बोट गनेर प्रतिबोट रु २० का दरले किसानलाई प्रोत्साहन रकम उपलब्ध गराउने व्यवस्था गरिएको छ । यसले नयाँ बिरुवा रोप्ने र पुराना बगैंचा संरक्षण गर्ने किसानलाई थप उत्साहित बनाएको जिम्बा बताउनुहुन्छ ।

महाभारतका किसान शङ्खलाल थोकरले १९ रोपनी क्षेत्रफलमा कफी खेती गर्दै आउनुभएको छ । उहाँका अनुसार बगैंचाबाट वार्षिक दुई हजार किलोग्रामसम्म कफी उत्पादन हुने गरेको छ । कफी खेतीमा मेहनत र समय लागे पनि बजार सुनिश्चित हुन थालेपछि यसबाट राम्रो आम्दानी गर्न सकिने उहाँको अनुभव छ । अर्का किसान कृष्णबहादुर मोक्तानले पनि व्यावसायिक रूपमा कफी खेती गर्दै आउनुभएको छ । उहाँले वार्षिक ५०० किलोग्राम कफी उत्पादन गर्ने बताउनुभएको छ । उहाँले कफी खेती विस्तारसँगै उत्पादन, प्रशोधन, बजार र मूल्यको सुनिश्चितता अझ बलियो बनाउन आवश्यक भएको बताउनुहुन्छ ।

काभ्रेकै खानीखोला गाउँ पालिकाले पनि कफी खेतीलाई किसानको आयआर्जनसँग जोडेर अघि बढाएको छ । गाउँपालिकाले 'जसको उत्पादन उसैलाई अनुदान' भन्ने नीति अवलम्बन गर्दै उत्पादनका आधारमा किसानलाई प्रोत्साहन गर्न थालेको छ ।

गाउँपालिकाले कफी खेती विस्तारका लागि रु १० लाख बराबरका बिरुवा वितरण गर्नुका साथै आठ किसान समूहलाई आठवटा पल्भर मेसिन उपलब्ध गराएको छ । गाउँपालिकाका अनुसार पछिल्लो समय यहाँबाट ८१ मेट्रिक टन कफी चेरी सङ्कलन भएको छ । उत्पादित कफीको परिमाणका आधारमा किसानलाई प्रतिकिलो रु ३५ उत्पादन प्रोत्साहन रकम उपलब्ध गराइएको गाउँ पालिकाको कृषि शाखाले जनाएको छ ।

कृषि शाखा प्रमुख विकास तामाङका अनुसार उत्पादनमा आधारित अनुदानले किसानलाई कफी खेतीमा थप आकर्षित गरेको छ । गाउँपालिकाका अध्यक्ष इन्द्र बहादुर तामाङले कफीलाई स्थानीय उत्पादनका रूपमा मात्र नभई दीर्घकालीन आयस्रोतका रूपमा विकास गर्ने नीति लिइएको बताउनुभएको छ ।

कफी उत्पादक किसानका लागि उत्पादनसँगै प्रशोधन र बजारीकरण पनि उत्तिकै महत्वपूर्ण पक्ष हो । केन्द्रीय कफी उत्पादक सहकारी सङ्घका केन्द्रीय सदस्य तुलसीराम धिताल नेपालमा कफीको सम्भावना उच्च भए पनि किसानलाई उचित मूल्य, नियमित बजार र आवश्यक प्रविधि उपलब्ध गराउन अझै धेरै काम गर्नुपर्नेमा जोड दिनुहुन्छ ।

कफी उत्पादन बढाउन सहकारीलाई बलियो बनाउने, सङ्कलन केन्द्र विस्तार गर्ने, पल्भर तथा प्रशोधन मेसिनको पहुँच बढाउने, गुणस्तर कायम गर्ने र जैविक प्रमाणीकरणलाई प्राथमिकता दिन आवश्यक छ । उत्पादन क्षेत्रमै प्रशोधन केन्द्र स्थापना गर्न सके किसानले आफ्नो उत्पादनको उचित मूल्य पाउनुका साथै कफीको गुणस्तर कायम गर्न सकिने उहाँ बताउनुहुन्छ ।

नेपालमा कफी खेतीको विस्तार पछिल्ला वर्षमा क्रमशः बढ्दै गएको छ । आर्थिक वर्ष २०७१/७२ मा दुई हजार ३८१ हेक्टर क्षेत्रफलमा कफी खेती हुँदै आएकोमा उत्पादन ४६३.५८ मेट्रिक टन थियो। आर्थिक वर्ष २०७५/७६ मा उत्पादन ५३० मेट्रिक टन पुगेको थियो । आर्थिक वर्ष २०७६/७७ मा उत्पादन घटेर २९६.५० मेट्रिक टनमा सीमित भयो । जलवायु तथा मौसमजन्य समस्या, रोग तथा सेतो गबारोको प्रकोप लगायत कारणले उत्पादनमा असर परेको थियो। त्यसपछि भने क्षेत्रफल र उत्पादन क्रमशः बढ्दै गएको देखिन्छ । आर्थिक वर्ष २०८०/८१ मा चार हजार ३०९ हेक्टरमा ५०१.३० मेट्रिक टन ग्रीन बिन कफी उत्पादन भएकामा आर्थिक वर्ष २०८१/८२ मा क्षेत्रफल बढेर पाँच हजार ५०१.०५ हेक्टर तथा उत्पादन ६४१.९० मेट्रिक टन पुगेको छ ।

एक वर्षमै कफी खेतीको क्षेत्रफल एक हजार १९२ हेक्टरले बढेको छ भने उत्पादन १४०.६ मेट्रिक टनले वृद्धि भएको छ ।

प्रदेशगत रूपमा पनि कफी खेतीको विस्तार उल्लेखनीय छ। बागमती प्रदेशमा एक हजार ५७८ हेक्टरमा २९२.४५ मेट्रिक टन, गण्डकी प्रदेशमा एक हजार ४५१ हेक्टरमा १५६ मेट्रिक टन, कोशी प्रदेशमा एक हजार ७३४.९५ हेक्टरमा १२८.५५ मेट्रिक टन, लुम्बिनी प्रदेशमा ६८१.२० हेक्टरमा ६२.०९ मेट्रिक टन, कर्णाली प्रदेशमा ४४.३० हेक्टरमा २.७० मेट्रिक टन तथा सुदूरपश्चिम प्रदेशमा ११.६० हेक्टरमा ०.०९ मेट्रिक टन कफी उत्पादन भएको केन्द्रीय कफी उत्पादक सङ्घले जनाएको छ ।

काभ्रेपलाञ्चोक १२१ मेट्रिक टन ग्रीन बिन उत्पादनसहित अग्रस्थानमा छ । त्यसपछि नुवाकोटमा ९०.५० मेट्रिक टन, इलाममा ८३ मेट्रिक टन, स्याङ्जा र लमजुङमा ३३-३३ मेट्रिक टन, गुल्मीमा ३० मेट्रिक टन, कास्कीमा २४ मेट्रिक टन, धादिङमा २०.७० मेट्रिक टन तथा पाल्पा र गोरखामा २०-२० मेट्रिक टन ग्रीन बिन कफी उत्पादन भएको छ ।

उत्पादन बढेसँगै नेपाली कफीको अन्तरराष्ट्रिय बजार पनि विस्तार हुँदै गएको छ । आर्थिक वर्ष २०८१/८२ मा नेपालबाट करिब ६३ हजार ९९७.५५ किलो ग्राम कफी निर्यात भएको छ। यसको निर्यात मूल्य रु एक करोड १४ लाख ३६ हजार ९७२ रहेको छ । निर्यात भएका मुलुकमध्ये जर्मनी नेपाली कफीको प्रमुख बजारका रूपमा देखिएको छ । जर्मनीमा २७ हजार ९८१.७ किलोग्राम कफी निर्यात भएको छ, जसको मूल्य रु ५४ लाख २५ हजार ६०० रहेको छ । कुल निर्यातमध्ये जर्मनीको हिस्सा करिब ४७.४ प्रतिशत रहेको छ । जापानमा १७ हजार ६४८.९ किलोग्राम, बेलायतमा तीन हजार ८७८ किलोग्राम, नेदरल्यान्ड्समा पाँच हजार ३७३ किलोग्राम, स्विट्जरल्यान्डमा दुई हजार ९३२ किलोग्राम तथा इटालीमा दुई हजार एक किलोग्राम कफी निर्यात भएको छ । नेपाली कफी २२ भन्दा बढी मुलुकमा पुगिसकेको छ । निर्यातको तुलनामा नेपालमा कफीको आन्तरिक माग र आपूर्तिबीच अझै ठूलो अन्तर छ । आर्थिक वर्ष २०८०/८१ मा नेपालले ४४३ मेट्रिक टन कफी आयात गरेको थियो। त्यसको आयात मूल्य रु ४१ करोड ९८ लाख बराबर थियो। आर्थिक वर्ष २०८१/८२ मा आयात परिमाण घटेर २०३.३ मेट्रिक टनमा झरेको र आयात मूल्य रु १४ करोड ४१ लाख बराबर छ ।

कफीको मूल्य वृद्धिले किसानको आकर्षण पनि बढाएको छ। आर्थिक वर्ष २०७७ मा ड्राइ चेरी 'ए' ग्रेडको मूल्य प्रतिकिलो रु १४८ रहेकामा आर्थिक वर्ष २०८१/८२ मा बढेर रु २८० पुगेको छ । काभ्रेपलाञ्चोकका स्थानीय तहले अघि सारेका कार्यक्रमले भने कफी खेतीलाई स्थानीय अर्थतन्त्रसँग जोड्ने नयाँ आधार तयार गरिरहेका छन् । महाभारतको बोटमा आधारित प्रोत्साहन देखि खानीखोलाको उत्पादनमा आधारित अनुदान सम्मका कार्यक्रमले किसानलाई उत्पादनसँग जोड्ने प्रयास गरेका छन्। यस्ता कार्यक्रमलाई गुणस्तर, प्रशोधन र बजारसँग जोड्न सके कफी खेतीबाट स्थानीय तहको आम्दानी र रोजगारी दुवै बढाउन सकिने सम्भावना छ ।


**जलवायु परिवर्तनको असर तथा प्रभावबारे सचेत बनौं**

- **जलवायु परिवर्तनले मानव जीवन, कृषि, पानी, स्वास्थ्य र जैविक विविधतामा पार्ने असरबारे सचेत बनौं,**
- **बाढी, पहिरो, डुबान, खडेरी तथा अन्य जलवायुजन्य जोखिमको पूर्वतयारी गरौं,**
- **वन तथा प्राकृतिक स्रोतको संरक्षण गरी जलवायु परिवर्तन न्यूनीकरणमा योगदान दिऔं,**
- **नवीकरणीय ऊर्जाको प्रयोगलाई प्रोत्साहन गरौं,**
- **वृक्षारोपण तथा हरियाली प्रवर्द्धन गरी कार्बन उत्सर्जन घटाउन सहयोग गरौं,**
- **जलस्रोतको संरक्षण गरौं र जलवायु परिवर्तनअनुकूल जीवनशैली अपनाऔं,**
- **प्लास्टिक तथा फोहोरजन्य प्रदूषण न्यूनीकरण गरौं,**
- **जलवायु परिवर्तनका जोखिमप्रति समुदायलाई सचेत र अनुकूलनशील बनाऔं ।**

**जलवायु परिवर्तनको असरबारे सचेत बनौं ।**
**जलवायु-उत्थानशील समाज निर्माण गरौं ।**

नेपाल सरकार,
**विज्ञापन वोर्ड**

# चुम उपत्यका पुगेका पर्यटक अलपत्र

प्रत्यूष समाचारदाता

गोरखा । भ्रमणका क्रममा चुम उपत्यका पुगेका पर्यटकहरू अलपत्र परेका छन् । आइतबार गएको बूढीगण्डकी बाढीले विभिन्न ठाउँका पुल तथा पदमार्ग बगाएपछि पर्यटक अलपत्र परेका हुन् ।

हिँडडुल गर्न तथा गन्तव्य तर्फ जान नपाएपछि पर्यटक त्रासमा रहेका स्थानीय होटल व्यवसायी उपसमितिका संयोजक गणेश कार्कीले बताउनुभयो । कतिपयलाई आज बिहानैदेखि नेपाली सेनाको ठूलो हेलिकप्टरले उद्धार गरिरहेको उहाँले जानकारी दिनुभयो ।

मनास्लु संरक्षण क्षेत्र आयोजना (एमक्याप)का अनुसार चुम उपत्यकामा अहिले ८० भन्दा बढी पर्यटक छन् । कतै पनि जान नपाएपछि पर्यटकहरू आत्तिएका छेकम्पारका होटल व्यवसायी दोर्जे लामाले बताउनुभयो । “कतै हिँडडुल गर्न पाएका छैनन् । कसैको भिसा सकिन लाग्यो भनेर आत्तिएका छन् । कोही नाकाबन्दी भयो भनेर आत्तिएका छन्”, उहाँले भन्नुभयो । यो परिस्थितिमा पर्यटकलाई उद्धार गर्न हेलिकप्टरले उडान अनुमति लिइरहनु नपर्ने निर्णय सरकारले गरेको सहायक प्रमुख जिल्ला अधिकारी नेत्र शर्माले जानकारी दिनुभयो ।

“पर्यटकहरूलाई इमर्जेन्सी भए उनीहरूकै कम्पनीले उद्धार गर्न सक्छ । नत्र सरकारले आफ्नै कार्यसूचीअनुसार उद्धार गर्छ”, उहाँले भन्नुभयो । अहिले बाढी प्रभावित क्षेत्रमा अलपत्र परेकाहरूको उद्धार कार्यलाई प्राथमिकता दिइएको उहाँको भनाइ छ ।

# मानसिक स्वास्थ्य सेवालाई प्राथमिकतामा राखेका छौँः स्वास्थ्यमन्त्री

काठमाडौँ । स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्री निशा मेहताले मानसिक स्वास्थ्य सेवालाई सुदृढ, गुणस्तरीय, पहुँचयोग्य र सेवाग्राही मैत्री बनाउन सरकार प्रतिबद्ध र हेको बताउनुभएको छ ।

विश्व मानसिक स्वास्थ्य दिवस २०२६ का अवसरमा सोमबार स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले आयोजनाको गरेको कार्यक्रममा उहाँले मानसिक स्वास्थ्यसम्बन्धी विषय सरकारको प्राथमिकतामा रहेको बताउनुभयो ।

“सरकारका तर्फबाट म स्पष्ट पार्न चाहन्छु, मानसिक स्वास्थ्यको विषय हाम्रो प्राथमिकता मा छ । हाम्रो लक्ष्य मानसिक स्वास्थ्यसम्बन्धी समस्या भएका व्यक्तिले उपचार र सहयोग खोज्दा अपमानित वा उपेक्षित महसुस गर्नुपर्ने अवस्थाको अन्त्य गर्नु हो,” मन्त्री मेहताले भन्नुभयो ।

उहाँले प्रत्येक नागरिकले आफ्नो मानसिक स्वास्थ्यसम्बन्धी समस्या खुलेर व्यक्त गर्न सक्ने, समयमै आवश्यक सहयोग पाउने र सम्मानपूर्वक जीवनयापन गर्न सक्ने वातावरण निर्माण गर्न सर कार प्रतिबद्ध रहेको बताउनुभयो ।

मानसिक स्वास्थ्य सेवालाई व्यवस्थित बनाउन आवश्यक कानुनी आधार निर्माण गर्नु सरकार को प्राथमिकतामा रहेको उल्लेख गर्दै मन्त्री मेहताले मानसिक स्वास्थ्य सम्बन्धी अवधारणापत्र मन्त्रिपरि षद्बाट पारित भइसकेकाले त्यसैका आधारमा ऐन निर्माणको अघि बढाइने स्पष्ट पार्नुभयो ।

मानसिक स्वास्थ्यसम्बन्धी समस्या भएका व्यक्तिले उपचारका लागि भौतारिनुपर्ने अवस्था अन्त्य गर्दै प्रारम्भिक उपचारदेखि विशेषज्ञ सेवासम्म सहज पहुँच स्थापित गर्नुपर्नेमा जोड दिनुभयो ।

सो क्रममा बोल्नुहुँदै उहाँले १०० शय्याभन्दा बढी क्षमताका अस्पतालमा मानसिक स्वास्थ्य सेवाका लागि आवश्यक शय्या छुट्याउने तथा सेवा व्यवस्थापनलाई प्रभावकारी बनाउने विषयलाई प्राथमिकताका साथ अघि ढाइने प्रतिबद्धता जनाउनुभयो ।

# गाउँ फर्किने यात्रुको चाप उच्च

काठमाडौँ । बडादसैँ नजिकिएसँगै काठमाडौँको नयाँबसपार्कबाट आफ्नो घर गाउँ फर्किने यात्रुको चाप बढ्न थालेको छ ।

दसैँ मनाउन राजधानीमा अध्ययन, रोजगारी तथा विभिन्न पेसा-व्यवसायमा संलग्न मानिसहरू धमाधम गाउँ फर्कन थालेका छन् । नयाँ बसपार्कबाट देशका विभिन्न जिल्ला जाने लामो तथा छोटो दूरीका सार्वजनिक यातायातमा यात्रुको चहलपहल बढेको छ । दसैँमा परिवार तथा आफन्तसँग भेटघाट गरी चाडपर्व मनाउन यात्रुहरू गाउँ फर्किने क्रम बढेको हो ।

नयाँबसपार्क सञ्चालन गरेको संस्था लोत्से बहुउद्देश्यीय प्रालिका महाप्रबन्धक पङ्कज मल्लले यही असोज १७ देखि २५ गतेसम्म नयाँबसपार्कबाट मात्र दुई लाख सात हजार २५१ यात्रु बाहिरिएको राससलाई जानकारी दिनुभयो ।

उहाँका अनुसार असोज १७ गते १८ हजार ७२९, असोज १८ गते १९ हजार ५३०, असोज १९ गते २३ हजार १६, असोज २० गते २९ हजार ६०२, असोज २१ गते २२ हजार २८८, असोज २२ गते २५ हजार २०१, असोज २३ गते ३१ हजार २३५, असोज २४ गते १६ हजार ९७० र असोज २५ गते २९ हजार ३८० यात्रु बाहिरीएका छन् । दसैँका लागि घर फर्किने यात्रुको सङ्ख्या बढेसँगै यातायात व्यवसायीलाई यात्रु व्यवस्थापन गर्न समस्या भएको छ । नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घका महासचिव डेकनाथ गौतमले बाटोका कारण यातायात व्यवस्थापन मा समस्या भएको बताउनुभयो । यही असोज २३ गते अग्रिम बस टिकट बुकिङ खुला गरेको दिन धादिङको गलौँदीस्थित पृथ्वी राजमार्ग भासिदा सवारीसाधन आवागमन अवरुद्ध हुँदा धेरै सवारीसाधन काठमाडौँमा रोकिँदा समस्या भएको महासचिव गौतमले बताउनुभयो ।

महासङ्घले यात्रुलाई टिकट काटेर मात्र यात्रा गर्न, तोकिएको भाडा तिर्न र सवारीसाधनको अवस्था जाँच गरेर यात्रा गर्न आग्रह गरेको छ ।

# जलवायु जोखिम न्यूनीकरणका लागि अनुकूलन बसाइँसराइमा जोड

काठमाडौँ । जलवायु परिवर्तनका कारण सिर्जित जोखिम न्यूनीकरण गर्दै प्रभावित समुदायको जीविको पार्जन सुरक्षित गर्न स्थानीय अनुकूलन, जलवायु वित्त, सुरक्षित बसाइँसराइ व्यवस्थापन र लैङ्गिक समानतामा केन्द्रित नीतिगत व्यवस्था आवश्यक रहेको विज्ञहरूले जोड दिएका छन् ।

ग्रामीणमुखी युवा अभियान नेपाल (आरओवाइएम) द्वारा सोमबार आयोजित ‘जलवायु परिवर्तन र तल्लो तटीय समुदायमा यसको प्रभावसम्बन्धी राष्ट्रियस्तरीय परामर्श’ कार्यक्रममा जलवायु परिवर्तन विज्ञ डा रोजी जोशीले जलवायु उत्थानशीलता, बसाइँसराइको सुशासन र लैङ्गिक समानतालाई एकीकृत गर्दै प्रभावित समुदायको अधिकार, जीविकोपार्जन र सामाजिक सुरक्षालाई सुदृढ गर्नुपर्ने बताउनुभयो ।

उहाँले जलवायु परिवर्तन बाट बढी प्रभावित भूमिहीन, न्यून आय भएका तथा अनौपचारिक क्षेत्रमा ज्यालादारी गर्ने परिवारलाई लक्षित गरी स्थानीय तहमा जलवायु उत्थानशील पूर्वाधार निर्माण र अनुकूलनका कार्यक्रम सञ्चालन गर्नुपर्नेमा जोड दिनुभयो । जलवायु जोखिममा रहेका समुदायको जीविकोपार्जन सुरक्षित गर्न गैरकृषि रोजगारीका अवसर विस्तार गर्नुपर्ने उल्लेख गर्दै उहाँले त्यस्ता समुदायमध्ये ६६ दशमलव सात प्रतिशत दैनिक ज्यालादारीमा निर्भर रहेका बताउनुभयो । प्रभावित परिवारको आयआर्जनका वैकल्पिक स्रोत विकास गर्नुपर्ने उहाँको भनाइ छ । डा जोशीले स्वदेशी कार्बन वित्त तथा नतिजामा आधारित जलवायु अनुकूलनका कार्यक्रम पारदर्शी लेखा प्रणालीसहित प्रभावकारी रूपमा सञ्चालन गर्नुपर्ने बताउनुभयो ।

सुरक्षित बसाइँसराइ र अधिकार संरक्षण

जलवायुजन्य विपद्का कारण विस्थापित हुने परिवारको अधिकार संरक्षणका लागि पूर्वसूचना प्रणाली सुदृढ बनाउनुपर्नेमा डा जोशीले जोड दिनुभयो । नदी बेसिनमा आधारित पूर्वसूचना प्रणाली र जोखिम सञ्चारलाई प्रभावकारी बनाउँदै जोखिममा रहेका समुदायलाई समयमै सुरक्षित स्थानमा स्थानान्तरण गर्ने व्यवस्था गर्नुपर्ने उहाँको सुझाव थियो ।

विस्थापित परिवारको पुनःस्थापना गर्दा मानव अधिकारको संरक्षण, पूर्वपरामर्श, भूमिमा पहुँच र जीविकोपार्जनको पुनःस्थापनालाई प्राथमिकता दिनुपर्ने उहाँले बताउनुभयो । बसाइँसराइ गर्ने समुदायका लागि उद्गम र गन्तव्य दुवै स्थानीय तहमा आवश्यक सेवा तथा सहायता उपलब्ध गराउने एकीकृत प्रणाली विकास गर्नुपर्ने उहाँको भनाइ थियो । जलवायुजन्य विपद्का समयमा महिला तथा बालबालिकाको स्वास्थ्य, सुरक्षा र सामाजिक संरक्षण सुनिश्चित गर्नुपर्ने उल्लेख गर्दै डा जोशीले स्थानीय तहको बजेटलाई लैङ्गिक उत्तरदायी बनाउनुपर्ने बताउनुभयो । बाढीका समयमा मातृ तथा बालस्वास्थ्य सेवा र सरसफाइ सुविधाको निरन्तरता सुनिश्चित गर्नुका साथै पानीजन्य रोगको जोखिम न्यूनीकरणका लागि आवश्यक स्वास्थ्य सेवा उपलब्ध गराउनुपर्ने उहाँले सुझाव दिनुभयो । अनौपचारिक क्षेत्रमा कार्यरत कृषि श्रमिकलाई समेत समेट्ने गरी सामाजिक सुरक्षा कार्यक्रम विस्तार गर्नुपर्ने उहाँले बताउनुभयो ।

नीतिगत अवधारणामा ४२ प्रतिशतमा खाद्य असुरक्षाको जोखिम रहेको उल्लेख गर्दै जोखिममा रहेका समुदायलाई लक्षित सामाजिक सुरक्षा कार्यक्रम आवश्यक रहेको औँल्याइएको छ । बदलिँदो जलवायुको जोखिम सामना गर्न परम्परागत खेती प्रणाली मात्र पर्याप्त नहुने भएकाले स्थानीय स्तरमा जलवायु अनुकूल कृषि अभ्यासलाई विस्तार गर्नुपर्नेमा पनि जोड दिइएको छ ।

बाढीले विकासमा असर

कार्यक्रममा विपद् जोखिम न्यूनीकरणसम्बन्धी विज्ञ तथा विपद् व्यवस्थापन सञ्जाल नेपालका अध्यक्ष डा वसन्तराज रेग्मीले भोटेकोशी बाढीलाई केवल प्राकृतिक विपद्का रूपमा मात्र बुझ्न नहुने बताउनुभयो ।

उहाँले बाढीबाट भएको क्षति भौतिक संरचनामा मात्र सीमित नरहेको उल्लेख गर्दै मानवीय क्षति, स्थानीय समुदायको सीप र ज्ञानको ह्रास, श्रमशक्तिमा कमी, परिवारको आम्दानी गुम्नु तथा सामाजिक सम्बन्ध कमजोर हुनुलाई पनि विपद्को दीर्घकालीन प्रभावका रूपमा विश्लेषण गर्नुपर्ने बताउनुभयो ।

कामकाजी उमेर समूहका व्यक्तिको मृत्यु वा बेपत्ता हुँदा परिवारको आम्दानीमा प्रत्यक्ष असर पर्ने र विस्थापन तथा बसाइँसराइका कारण समुदायको सामाजिक संरचना कमजोर हुने उहाँको भनाइ छ । यस्ता विपद्ले बालबालिकाको शिक्षा, जीविकोपार्जन र पारिवारिक सुरक्षामा पुस्तान्तरणीय असर पार्न सक्ने उहाँले बताउनुभयो ।

भोटेकोशी बाढीले नेपालको पुँजी, उत्पादनशील सम्पत्ति र समग्र विकास यात्रामा गम्भीर धक्का पुर्‍याएको उल्लेख गर्दै डा रेग्मीले यस विपद्का विभिन्न पक्षमा अध्ययन गर्न ढिलाइ भइसकेको बताउनुभयो ।

उक्त हिमाली विपद्बाट रु चार खर्ब आठ अर्ब २८ करोडभन्दा बढीको क्षति तथा नोक्सानी भएको आकलन गरिएको छ । विपद्पछिको द्रुत क्षति तथा आवश्यकताको आकलन (आरडिएनए) प्रतिवेदन अनुसार पुनर्निर्माण तथा पुनः स्थापनाका लागि रु सात खर्ब २३ अर्ब ३१ करोड ५२ लाख आवश्यक पर्ने अनुमान गरिएको छ । आगामी छ महिनाभित्र तत्काल राहत तथा अल्पकालीन पुनः स्थापनाका लागि रु आठ अर्ब ७३ करोड ५० लाख आवश्यक पर्ने आकलन गरिएको छ ।

प्रतिवेदनअनुसार विपद्बाट भएको क्षति कूल गार्हस्थ्य उत्पादनको पाँच दशमलव चार प्रतिशत बराबर रहेको छ भने पुनर्निर्माण तथा पुनःस्थापनाको आवश्यकता कुल गार्हस्थ्य उत्पादनको १० दशमव एक प्रतिशत बराबर रहेको छ । डा रेग्मीले हिमाली क्षेत्रमा हुने यस्ता ठूला विपद्का लागि पूर्णतयारी गर्न विश्वका कुनै पनि देशलाई सहज नहुने उल्लेख गर्दै सम्भावित जोखिमको अध्ययन, पूर्वतयारी र प्रभावकारी विपद् व्यवस्थापनमा जोड दिनुभयो ।

तल्लो तटीय क्षेत्रमा उत्पन्न हुने जोखिम, प्रभावित समुदायको जीविकोपार्जन, विपद् पछिको पुनःस्थापना तथा जलवायु उत्थानशील विकासका उपायबारे छलफल भएको थियो ।

# अन्नपूर्णको विपद् कोषमा एक करोड जुट्यो, पुनर्निर्माणमा ६६ लाख बढी खर्च

कास्की । अन्नपूर्ण गाउँपालिकाले स्थापना गरेको विपद् व्यवस्थापन कोषमा रु एक करोड चार लाख ८५ हजार ४९८ सहयोग जुटेको छ । गाउँपालिकाले विपद्बाट प्रभावितको राहत, उद्धार तथा पुनःस्थापनाका लागि विपद् व्यवस्थापन कोष सञ्चालनमा ल्याएको थियो । पालिकाले सो कोषमा सहयोगका लागि सार्वनिक आह्वान गरेकामा पर्यटन व्यवस्थापन समिति, स्थानीय सङ्घसंस्था, व्यवसायी, राजनीतिक दल तथा व्यक्तिहरुबाट नगद सहयोग रकम रु एक करोड चार लाख ८५ हजार ४९८ सहयोग जम्मा भएको गाउँपालिका अध्यक्ष विष्णुबहादुर केसीले बताउनुभयो ।

उहाँका अनुसार प्राप्त भएको रकम यसबाट तत्काल राहत वितरण र मर्मत कार्यमा सहयोग पुगेको छ । गण्डकी प्रदेश सरकारले पुनर्निर्माणका लागि दुई हजार ४७५ घनमिटर जाली उपलब्ध गराएको थियो भने विभिन्न जलविद्युत् आयोजना तथा नेपाली सेनाले श्रमदानलगायत अन्य प्राविधिक सहयोग गरेको पालिकाले जनाएको छ । यसैगरी, विपद्बाट भएको क्षतिको पुनर्निर्माण तथा उद्धार र राहतका लागि रु ६६ लाख ६५ हजार ५४३ खर्च भएको छ । यस वर्ष मनसुनजन्य विपद् बाढीपहिरोले सडक, पुल, निजी घर, होटल, धार्मिक तथा पर्यटकीय संरचनामा क्षति पुऱ्याएपछि पुनर्निर्माणका काम अघि बढाइएको हो ।

मोदी र किम्रुङ खोलामा आएको विपद्का कारण ठूलो क्षति पुगेको बिरेठाँटी-घान्द्रुक सडक पुनर्निर्माण तथा संरक्षणका लागि इन्धन, ग्याबिन जाली निर्माण, ढुङ्गा तथा ब्याकफिलिङ सामग्री ढुवानी, उपकरण भाडा, सुरक्षा सामग्री र श्रमिक व्यवस्थापनमा धेरै खर्च भएको छ । सबैभन्दा बढी इन्धनमा रु १९ लाख ७९ हजार ६५०, ग्याबिन जाली निर्माणका लागि श्रमिक ठेक्कामा रु ११ लाख ६४ हजार ९०४, ढुङ्गा र ब्याकफिलिङ सामग्री ढुवानीका लागि ट्याक्टर, ब्याकलोडर तथा टिपर भाडामा रु १८ लाख ६९ हजार १८९ खर्च भएको गाउँपालिका अध्यक्ष केसीले बताउनुभयो ।

त्यसैगरी, अन्य उपकरण तथा निर्माणसम्बन्धी काममा रु आठ लाख ४६ हजार ५३५, निर्माण सामग्री खरिदमा रु एक लाख ३० हजार १६८, जिओटेक्सटाइल खरिदमा रु ८२ हजार ४९० र ग्याबिन जालीमा रु ९९ हजार ७९० खर्च भएको छ । उद्धार तथा पुनर्निर्माणमा खटिएका सुरक्षाकर्मी र सहयोगीका लागि खाना तथा खाजासहित अन्य व्यवस्थापन खर्च पनि गरिएको छ ।

विपद्ले अन्नपूर्ण आधार शिविर जाने पर्यटकीय मार्गका विभिन्न संरचनामा पनि असर परेको छ । विशेषगरी मोदी खोलामा आएको बाढीले वडा नं ८ को बिरेठाँटी बजार क्षेत्रमा करिब १०० मिटर कालोपत्रे सडक कटान गरी बगाएपछि बिरेठाँटी-घान्द्रुक सडक सम्पर्क पूर्ण रूपमा विच्छेद भएको थियो । चिम्रुङ-स्याउलीबजार क्षेत्रमा पनि करिब १५० मिटर सडक क्षतिग्रस्त भएको थियो ।

सडक तथा पुलको क्षतिले गाउँपालिका-८, ९, १० र ११ का बासिन्दाको नयाँपुल, पोखरा तथा पर्वतातर्फको आवागमन प्रभावित भएको थियो । स्याउली बजार-हल्लाली जोड्ने झोलुङ्गे पुल, घुर्जुङ क्षेत्रका पुल तथा माता अन्नपूर्ण मन्दिर क्षेत्रमा रहेका फलामे पुल पनि बाढीबाट क्षतिग्रस्त भएको पालिकाले जनाएको छ ।

अन्नपूर्ण गाउँपालिकाको अर्थतन्त्रमा पर्यटन महत्वपूर्ण आधार रहेकाले सडक र पदमार्ग अवरुद्ध हुँदा होटल, गाइड, भरिया तथा स्थानीय व्यापारीको आम्दानी घटेको पालिका अध्यक्ष केसीले बताउनुभयो । “अन्नपूर्ण आधार शिविर जाने पदमार्गमा अवरोध, पुल क्षति तथा तातोपानी कुण्ड नष्ट हुँदा आन्तरिक र बाह्य पर्यटकको आवागमन प्रभावित भएको थियो । हामीले सबैको सहयोगबाट पदमार्गहरु खुला गरेका छौँ । अहिले पुनः पर्यटक आगमन सुरु भएको छ,” अध्यक्ष केसीले भन्नुभयो । मनसुनजन्य विपद्मा अन्नपूर्ण गाउँपालिका क्षेत्रमा मानवीय मृत्यु नभए पनि भौतिक पूर्वाधारमा ठूलो क्षति पुगेको थियो । पूर्वसूचना प्रणाली, स्थानीय सचेतना र सुरक्षा निकायको समयमै परिचालनले मानवीय क्षति हुन नदिन महत्वपूर्ण भूमिका खेलेको प्रमुख प्रशासकीय अधिकृत चिरञ्जीवी बरालले बताउनुभयो । बिरेठाँटी-घान्द्रुक सडकको स्थायी मर्मत, क्षतिग्रस्त पुलको पुनर्निर्माण, प्रभावित परिवारलाई राहत तथा पुनःस्थापना सहयोग, जोखिम नक्साङ्कन र पूर्वसूचना प्रणालीलाई वडा तहसम्म विस्तार गर्नुपर्ने आवश्यकता देखिएको र ठूला पुनर्निर्माण आयोजनाका लागि प्रदेश तथा सङ्घीय सरकारसँग थप बजेट र प्राविधिक सहयोगका लागि आग्रह गरिएको बरालले बताउनुभयो ।

# नयाँ सहर आयोजनाबाट २९ करोड ५० लाखका योजना

दमौली । नयाँ सहर आयोजना कार्यालय डुम्रे भन्सारले चालु आर्थिक वर्ष २०८३/८४ मा तनहुँ, गोरखा र आसपासका क्षेत्रमा पूर्वाधार विकासका लागि रु २९ करोड ५० लाख बराबरका कार्यक्रम छनोट गरेको छ ।

गुरुयोजना अनुसार सडक स्तरोन्नति, पर्यटकीय तथा सांस्कृतिक पूर्वाधार निर्माणलाई प्राथमिकतामा राखेर विभिन्न योजना अघि बढाइएको हो । उक्त कार्यालयका इन्जिनियर श्रीप्रसाद पाण्डेका अनुसार चालु आर्थिक वर्षका लागि स्वीकृत बजेटबाट भानु नगरपालिका, बन्दीपुर गाउँपालिका र गोरखाको पालुङटार नगर पालिकामा सडक तथा पूर्वाधार विकासका कार्यक्रम सञ्चालन गरिनेछ । भानु नगरपालिका-४ मा स्वीकृत गुरुयोजनाअनुसार चुँदीबेँसी-मोहरियादेखि शिखर कटेरी हुँदै भानु साहित्य उद्यान जोड्ने सडक स्तरोन्नतिका लागि रु १० करोड ५० लाख विनियोजन गरिएको छ । उक्त सडक स्तरोन्नतिपछि आदिकवि भानुभक्त आचार्यको जन्मस्थलसँग जोडिएका क्षेत्रको आवागमन सहज हुने तथा स्थानीयवासी र पर्यटक लाई समेत सुविधा पुग्ने अपेक्षा गरिएको छ ।

त्यस्तै भानु नगरपालिका-४ स्थित आदिकवि भानुभक्त आचार्यको जन्मस्थलमा भानु साहित्य उद्यानको पूर्वाधार निर्माणका लागि रु १० करोड विनियोजन गरिएको छ। साहित्य, संस्कृति र पर्यटनसँग जोडिएको उक्त उद्यानलाई व्यवस्थित तथा आकर्षक गन्तव्यका रूपमा विकास गर्ने उद्देश्यले पूर्वाधार निर्माणको योजना अघि बढाइएको हो ।

बन्दीपुर गाउँपालिकामा सडक तथा पर्यटकीय पूर्वाधार निर्माणलाई प्राथमिकता दिइएको छ । गाउँपालिकाको कालिका मोटरमार्गदेखि गुरुङटारस्थित नेपाल टेलिकमको टावर, मगर गुठी हुँदै बिरुवा जोड्ने मोटरमार्ग स्तरोन्नतिका लागि रु तीन करोड विनियोजन गरिएको छ । सडक स्तरोन्नतिले ग्रामीण बस्ती तथा स्थानीय उत्पादनलाई बजारसम्म पुऱ्याउन र आवागमन सहज बनाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

बन्दीपुर गाउँपालिका-२ र ३ अन्तर्गत बन्दीकापुरमा २५ पोखरी ताल पार्क निर्माणका लागि रु तीन करोड विनियोजन गरिएको छ । प्राकृतिक तथा पर्यटकीय सम्भावना बोकेको उक्त क्षेत्रलाई पार्कका रूपमा विकास गरी आन्तरिक पर्यटक आकर्षित गर्ने लक्ष्य राखिएको कार्यालयले जनाएको छ। त्यस्तै छिमेकी जिल्ला गोरखाको पालुङटार नगरपालिका अन्तर्गत लुङ्गा-वडा कार्यालय-चापाभञ्ज्याङ-कार्की गाउँ-आँपपिपल अस्पताल सडक स्तरोन्नतिका लागि रु तीन करोड विनियोजन गरिएको छ । उक्त सडक स्तरोन्नतिले स्थानीय बासिन्दाको आवागमनका साथै अस्पतालसम्म पुग्ने पहुँचलाई सहज बनाउने अपेक्षा गरिएको छ । नयाँ सहर आयोजनाअन्तर्गत सञ्चालन हुने ती योजनाले सडक सञ्जाल विस्तारसँगै स्थानीय तहमा पर्यटन, संस्कृति र आर्थिक गतिविधिलाई समेत चलायमान बनाउन सहयोग पुऱ्याउने पाण्डेले बताउनुभयो । विशेषगरी भानु साहित्य उद्यान र भानुभक्त आचार्यको जन्मस्थललाई केन्द्रमा राखेर निर्माण हुने पूर्वाधारले भानु क्षेत्रमा साहित्यिक पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने विश्वास गरिएको छ ।

बन्दीपुरको सडक तथा पार्क निर्माणका कार्यक्रमले पनि पर्यटकीय पूर्वाधार थप व्यवस्थित गर्न सहयोग गर्नेछ । सडकको पहुँच विस्तारसँगै ग्रामीण क्षेत्रमा रहेका धार्मिक, सांस्कृतिक तथा प्राकृतिक पर्यटकीय स्थललाई मुख्य सडक सञ्जालसँग जोड्ने आधार तयार हुने कार्यालयको अपेक्षा छ। आन्तरिक बसाइँसराइलाई व्यवस्थित गर्न मध्यमहाडी लोक मार्गको वरिपरि दश नयाँ सहर स्थापना गर्ने सरकारको नीतिअनुरुप विसं २०९० सम्ममा व्यवस्थित बस्तीसहितको पूर्वाधार तयार गर्न तनहुँमा साविकको भानु गाविस १, २, ३, ४ र साविकको बन्दीपुर गाविस १, २, ३ र ४ समेटी आर्थिक वर्ष २०७२/०७३ बाट नयाँ सहर आयोजना डुम्रे भन्सारको सुरुआत भएको हो ।

# चाडपर्व लक्षित ६४ वटा क्यूआरटी परिचालन

कपिलवस्तु । चाडपर्वका समयमा शान्ति, सुरक्षा कायम राख्न तथा सम्भावित आपराधिक गतिविधि नियन्त्रण गर्न कपिलवस्तुमा ६४ वटा द्रुत प्रतिक्रिया टोली (क्यूआरटी) परिचालन गरिएको छ। जिल्लाभर सुरक्षा व्यवस्था प्रभावकारी बनाउन सोमबारदेखि परिचालन गरिएका टोलीले घटना तथा दुर्घटनाको सूचना प्राप्त हुनासाथ तत्काल घटनास्थलमा पुगेर आवश्यक कारबाही गर्नेछन् ।

प्रत्येक टोलीमा एउटा मोटरसाइकलमा दुई जना प्रहरी खटाइएको जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक मनोहरप्रसाद भट्टले जानकारी दिनुभयो । उनीहरू आवश्यक हातहतियार, सञ्चार सेट तथा अन्य सुरक्षा सामग्रीसहित परिचालित हुने उहाँको भनाइ छ । विशेषगरी सवारीसाधन पुग्न कठिन हुने र पैदल हिँडेर पुग्न समय लाग्ने स्थानमा तत्काल प्रहरी सेवा उपलब्ध गराउन क्यूआरटी परिचालन गरिएको प्रहरीले जनाएको छ ।

प्रहरी उपरीक्षक भट्टले घटना, दुर्घटना वा कुनै पनि प्रकारका आपराधिक गतिविधिको सूचना प्राप्त हुनासाथ छिटो घटनास्थलमा पुगेर प्रतिक्रिया दिन टोली परिचालन गरिएको बताउनुभयो । उहाँका अनुसार चाडपर्वका समयमा हुन सक्ने चोरी, तस्करीलगायत आपराधिक गतिविधि नियन्त्रण गर्न तथा सीमा क्षेत्रमा निगरानी बढाउन क्यूआरटी टोलीले जिल्लाका विभिन्न स्थानमा गस्ती गर्नेछ ।

चाडपर्वका बेला नागरिकहरुको सुरक्षा सुनिश्चित गर्न प्रहरी परिचालनलाई थप प्रभावकारी बनाइएको उल्लेख गर्दै प्रहरी उपरीक्षक भट्टले शङ्कास्पद गतिविधि देखिएमा तत्काल प्रहरीलाई जानकारी गराउन सर्वसाधारणसँग आग्रह गर्नुभयो ।

# अष्टमातृका नाच सुरु

ललितपुर । परम्परागत तान्त्रिक विधि र धार्मिक आस्थाका साथ मनाइने ललितपुरको पाटनको धार्मिक, ऐतिहासिक तथा सांस्कृतिक महत्व बोकेको अष्टमातृका नाच (गँ: प्याखँ) सुरु भएको छ ।

हरेक वर्ष घटस्थापनाको दिनदेखि सुरु भएर ११ दिनसम्म मनाइने यो जात्रा यस वर्षपनि परम्परागत विधि तथा धार्मिक आस्थाका साथ प्रदर्शन गरिने अष्टमातृ नाच प्रवन्ध समितिका अध्यक्ष राजेन्द्र शाक्यले जानकारी दिनुभयो । मल्लकालीन राजा श्रीनिवास मल्लको पाला (नेपाल संवत् ७८४) देखि प्रदर्शनमा ल्याइएको यो तान्त्रिक नृत्य करिब ३६२ वर्ष पुरानो मानिन्छ । हरेक वर्ष आश्विन शुक्ल प्रतिपदा (घटस्थापना) को दिन ललितपुरको नकबहिल परिसरमा विधिवत् पूजा सम्पन्न गरेर यो नाचको प्रारम्भ गरिन्छ ।

उक्त ऐतिहासिक नाचले नेवा सभ्यताको मौलिकता, धार्मिक विश्वास र सांस्कृतिक वैभवलाई जीवन्त बनाउँदै आएको छ। उहाँले भन्नुभयो । नाच प्रबन्ध समितिका अध्यक्ष शाक्यले अनुसार नेवार समुदायको शाक्य र बज्राचार्य वंशका कलाकारहरू सहभागी हुने यो नाच मल्लकालीन राजा श्रीनिवास मल्लको शासनकाल (नेपाल संवत् ७८४) देखि सुरु भएका बताउनुभयो ।

देशमा शान्ति, सुरक्षा र समृद्धि कायम गर्ने तथा मानव जीवनका आठ वटा महाभय (जल, अग्नि, सिंह, सर्प, हात्ती, चोर, झ्यालखाना र भूतप्रेत) बाट मुक्ति पाउने जनविश्वासका साथ नाच सुरु गरिएको इतिहास छ ।

सोमबार बिहान बाजा गाजा सहित नागबहाल-पट्को हुँदै मङ्गलबजार पुगेका देवगणलाई तलेजुका पुजारी राजोपाध्याय ब्राह्मणले पूजा गरी मूलचोकमा प्रवेश गराएसँगै यो नाच औपचारिक रूपमा सर्वसाधारणका लागि प्रदर्शन गरिएको हो । सुरुका चार दिन नकबहिलबाट सुरु भई पाटन दरबार क्षेत्रको मूलचोकमा नाच समापन गरिन्छ। त्यसपछिका पाँच दिन रातिको समयमा कातिक डबलीमा नाच देखाइने परम्परा छ । फूलपाती र विजयादशमीका दिन दिउँसो मूलचोकमा तथा अन्तिम दिन अर्थात् एकादशीका दिन नकबहिल डबलीमा विशेष नृत्य प्रदर्शन गरी यस वर्षको अष्टमातृका नाच समापन गरिने भएको छ ।

शक्तिको उपासनासँग सम्बन्धित यस नाचमा सहभागी १३ देवगणका लागि देवीदेवताका मखुण्डो, परम्परागत तान्त्रिक भेषभूषा र विशेष गरगहना पहिऱ्याइ मण्डलाकार बनाएर तान्त्रिक विधिपूर्वक नचाइन्छ । प्रत्येक देवगणको फरकफरक तान्त्रिक मुद्रा र भावभङ्गी हुने भएकाले यसलाई हेर्न स्थानीयवासी र संस्कृतिप्रेमीको ठूलो भीड लाग्ने गर्छ। यस नाचमा सिंघ्रिणी (श्वेत वर्ण), भैरव (नील वर्ण), गणेश (श्वेत वर्ण), कुमार (रक्त वर्ण), ब्रम्हायणी (कुकुम वर्ण), महेश्वरी (श्वेत वर्ण), कौमारी (रक्त वर्ण), वैष्णवी (हरित वर्ण), बाराही (रक्त वर्ण), इन्द्रायणी (कुकुम वर्ण), चामुण्डा (रक्त वर्ण), महालक्ष्मी (रक्त वर्ण), व्याघ्रिणी (पीत वर्ण) का १३ देवगणहरू सहभागी हुन्छन् ।

युवा वाद्ययवादक शैलेन्द्र शाक्य विगत २६ वर्षदेखि अष्ठमातृका नाचमा कौमारी, भैरव बनेर, आयर्म बज्राचार्यले सिंघ्रिणी र सुप्रिन्स शाक्यले समेत विगत दश वर्षदेखि व्यघ्रिणीको भूमिकामा नाच्दै आएका छन् । आहारविहार शुद्धी गरी घटस्थापनाको अघिल्लो रात तन्त्र साधना गरिसकेपछि बिहान न्याखाचुकको नित्यनाथ मन्दिर प्राङ्गणमा देवगण कलेवर पोसाक, गरगहनासहित तर मुकुन्डो नलगाई त्यहाँबाट क्रमबद्ध भएर नागबहाल हुँदै नकवहिल पुग्ने गर्छन् ।

# आत्महत्या जोखिम मूल्यांकन तथा व्यवस्थापनसम्बन्धी निर्देशिका सार्वजनिक

काठमाडौँ । आत्महत्याको जोखिम समयमै पहिचान गरी समस्यामा रहेका व्यक्तिलाई उपयुक्त सहयोग, उपचार तथा सेवामा पहुँच सुनिश्चित गर्ने उद्देश्यले 'आत्महत्या जोखिम मूल्याङ्कन तथा व्यवस्थापन सम्बन्धी राष्ट्रिय निर्देशिका, २०८३' सार्वजनिक गरिएको छ ।

विश्व मानसिक स्वास्थ्य दिवस २०२६ को अवसरमा यहाँ आयोजित कार्यक्रममा स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्री निशा मेहता, स्वास्थ्य सेवा विभागका निमित्त महानिर्देशक डा कृष्ण पौडेल लगायतले उक्त निर्देशिका सार्वजनिक गर्नुभएको हो ।

निर्देशिकाले आत्महत्याको जोखिम पहिचान, जोखिमको स्तर निर्धारण, सुरक्षा योजना निर्माण, आत्महत्या रोकथामका लागि प्राथमिक सहयोग तथा आवश्यकता अनुसार थप उपचारका लागि प्रेषण (रिफरल) गर्ने प्रक्रियालाई व्यवस्थित बनाउने लक्ष्य राखेको छ । निर्देशिकाले स्वास्थ्यकर्मीलाई आत्महत्याको जोखिममा रहेका व्यक्तिको अवस्था मूल्याङ्कन गरी सम्मानजनक, सुरक्षित तथा प्रमाणमा आधारित सेवा प्रदान गर्न प्राविधिक मार्गदर्शन गर्नेछ ।

साथै, जोखिममा रहेका व्यक्तिलाई समयमै पहिचान गरी आवश्यक सहयोग र उपचार उपलब्ध गराउन स्वास्थ्य सेवा प्रणालीको क्षमता अभिवृद्धिमा सहयोग पुग्ने अपेक्षा गरिएको छ । निर्देशिकामा तहगत सेवा पद्धति अनुरूप जोखिम मूल्याङ्कन तथा व्यवस्थापन गर्ने व्यवस्था समेटिएको छ । यसले स्वास्थ्य संस्थामा जोखिम पहिचान र व्यवस्थापन प्रणाली सुदृढ गर्ने, स्वास्थ्यकर्मी तथा समुदायमा परिचालित गेटकिपरको क्षमता विकास गर्ने र आवश्यकताअनुसार समयमै रिफरल तथा उपचार सेवाको निरन्तरता सुनिश्चित गर्ने आधार प्रदान गर्नेछ । मन्त्री मेहताले निर्देशिका जारी हुनु आत्महत्याको जोखिम समयमै पहिचान तथा उपयुक्त सम्बोधन गर्न स्वास्थ्य सेवा प्रणालीलाई सुदृढ बनाउने महत्वपूर्ण पहल भएको बताउनु भएको छ। स्वास्थ्य सेवा विभागले निर्देशिकालाई सातै प्रदेश तथा स्थानीय तहका स्वास्थ्य संरचना मार्फत प्रभावकारी रूपमा कार्यान्वयन गर्न आवश्यक सहजीकरण गर्ने जनाएको छ । निर्देशिकाको कार्यान्वयनका लागि स्वास्थ्यकर्मीको क्षमता अभिवृद्धि, प्राविधिक सहयोग तथा नियमित अनुगमनलाई प्राथमिकता दिइनेछ । आत्महत्या तथा आत्महानिसम्बन्धी घटनाको व्यवस्थित अभिलेखीकरण, प्रतिवेदन र तथ्याङ्कको प्रयोगमार्फत अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई समेत प्रभावकारी बनाउने लक्ष्य राखिएको छ । सङ्घ, प्रदेश र स्थानीय तहका सरकार, स्वास्थ्यकर्मी तथा समुदाय बीचको समन्वय र सहकार्यमार्फत निर्देशिकाको प्रभावकारी कार्यान्वयन गरी आत्महत्याको जोखिममा रहेका व्यक्तिको समयमै पहिचान, आवश्यक सहयोग र उपचारमा पहुँच सुनिश्चित गर्ने विभागले अपेक्षा गरेको छ ।

# बाढी प्रभावितका लागि विद्यार्थीबाट पाँच लाख पाँच हजार सहयोग

काठमाडौँ। इन्टरनेसनल स्कुल अफ टुरिजम एण्ड होटल म्यानेजमेन्ट (आइएसटी) कलेजका विद्यार्थीले सोमबार (हिजो) मात्रै भोटेकोशी, कालिगण्डकी र बूढीगण्डकी नदीमा आएको बाढीबाट प्रभावित भएका विभिन्न नागरिकको सहयोगका लागि रु पाँच लाख पाँच हजार आर्थिक सहयोग गरेका छन् ।

कलेजका बिएचएम र बिटिटिएम सङ्कायमा अध्ययनरत विद्यार्थी, कर्मचारी तथा व्यवस्थापन समूहले उक्त सहयोग गरेको हुन । उक्त रकम आज प ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठमार्फत प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा दाखिला गरिएको छ ।

# पन्ध्र दिनपछि बागलुङमा सीधा यातायात सञ्चालन



बागलुङ । पन्ध्र दिनपछि बागलुङ जिल्ला सिधा यातायातको पहुँचमा जोडिएको छ। यही असोज ११ गते कालीगण्डकी नदीमा आएको बाढीले बागलुङ र पर्वत जोड्ने मालढुङ्गा पुलको पहुँचमार्ग बगाएर अवरुद्ध बनेको सडक १५ दिनपछि सञ्चालनमा आएको छ ।

करिब ३५ मिटर पहुँच मार्गको रातदिन गरी सडक डिभिजन कार्यालयले ग्याबिन, जियो ब्याग र जियो ग्रिड प्रविधिको प्रयोग गरी पहुँचमार्ग पुनर्निर्माण सम्पन्न गरेपछि सोमबार बिहानदेखि सवारी साधन वारपार गर्न थालेका इन्जिनियर अमर अधिकारीले जानकारी दिनुभयो ।

मध्पहाडीलोकमार्ग र कालीगण्डकी करिडोरको सङ्गम स्थलको रूपमा रहेको मालढुङ्गा पुलले बागलुङसहित पूर्वी रूकुम लगायत जिल्लालाई जोडेको छ । दसैंको समयमा सडक बन्द हुँदा बागलुङका नागरिकले सास्ती भोग्नु परेको थियो । पुल सञ्चानमा आएसँगै बागलुङको पर्यटन र व्यापार फस्ठाउने अपेक्षा गरिएको छ ।

# स्कुल बसको ठक्करबाट मोटरसाइकल चालकको मृत्यु

नवलपुर । नवलपरासी (बर्दघाट-सुस्तापूर्व)को गैंडाकोटमा स्कूल बसको ठक्करबाट मोटरसाइकल चालकको मृत्यु भएको छ। गैंडाकोट इङ्लिस स्कुलको ग१ख ३९७० नम्बरको बसले सोमबार गैंडाकोट-५ को कुसुमघाटस्थित भित्री सडकमा ना५८प ४५७२ नम्बरको मोटरसाइकललाई ठक्कर दिँदा मोटरसाइकल चालकको मृत्यु भएको प्रहरीले जनाएको छ ।

इलाका प्रहरी कार्यालय गैंडाकोटका प्रमुख प्रहरी निरीक्षक लक्ष्मण गिरीका अनुसार स्कुल बसको ठक्करबाट गैंडाकोट-६ का अन्दाजी २४ वर्षीय राजु थापाको मृत्यु भएको हो। बसको ठक्करबाट गम्भीर घाइते भएका थापालाई उपचारका लागि चितवनको भरतपुरस्थित चितवन मेडिकल कलेज शिक्षण अस्पताल लगिएकामा चिकित्सकले मृत घोषणा गरेका उहाँले जानकारी दिनुभयो ।

दुर्घटनामा संलग्न दुवै सवारी साधन र बस चालक गैंडाकोट-१ का ५१ वर्षीय मनिराम थापा मगरलाई नियन्त्रणमा लिइएको छ।

प्रत्युष नेटवर्क प्रा.लि द्वारा प्रकाशित तथा मुद्रित
कार्यालयःनीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : रमेश अधिकारी, Email : pratyushdainik@gmail.com,Website:epratyush.com